# सुदूरपश्चिम विश्वविद्यालय
# रजिष्ट्रारको कार्यालय
# OFFICE OF THE REGISTRAR
## सामान्य प्रशासन महाशाखा

प.सं.: ८१-०८१०८२
च.नं.: ४३४

मिति: २०८१।०३।३१

सम्पूर्ण निकाय/विभाग/क्याम्पस तथा कार्यालयहरू
सुदूरपश्चिम विश्वविद्यालय ।

विषय : आ. ब. २०८०/०८१ को सम्पत्ति विवरण बुझाउने सम्बन्धमा ।

सुदूरपश्चिम विश्वविद्यालयका पदाधिकारी, शिक्षक, कर्मचारीहरूले आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र सम्पत्ति विवरण बुझाउनु पर्ने कानुनी प्रावधान बमोजिम यस विश्वविद्यालयमा कार्यरत पदाधिकारी, शिक्षक र कर्मचारीहरूले सम्पत्ति विवरण बुझाउने सम्बन्धमा जारी सूचना तहाँ विभाग/क्याम्पस/कार्यालयहरूमा कार्यरत सबैको जानकारीको लागि संलग्न गरी पठाइएको छ । विभाग/क्याम्पस/कार्यालयहरूमा प्राप्त भएको सम्पत्ति विवरण संकलन गरी यथाशीघ्र पठाउने व्यवस्थाको लागि अनुरोध छ ।

(नबीन बहादुर बम)
सहायक प्रशासक

महेन्द्रनगर, कञ्चनपुर, फोन नं.: ०९९-५२०७२९
Website : fwu.edu.np, Email : info@fwu.edu.np

# सुदूरपश्चिम विश्वविद्यालय
## रजिष्ट्रारको कार्यालय
## OFFICE OF THE REGISTRAR
## सामान्य प्रशासन महाशाखा

प.सं.:
च.नं.:

### आ.व. २०८०/८१ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरूरी सूचना

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१) बमोजिम प्रत्येक पदाधिकारीहरू, शिक्षक र कर्मचारीहरूले ६० दिन भित्र आफ्नो सम्पत्ति विवरण सम्बन्धित निकाय/क्याम्पस मार्फत सु. प. वि. केन्द्रीय कार्यालय मानव संशाधन विकास शाखामा दर्ता गर्नु पर्ने र सम्पत्ति विवरण पेश गर्ने दायित्व सम्बन्धित राष्ट्रसेवकको भएकाले खाम बाहिर विवरण नभरेको वा गलत विवरण भरेको वा म्याद गुजारी सम्पत्ति विवरण दर्ताहुन नसकेमा त्यसबाट हुने जरिवाना लगायतका विषयमा सम्बन्धित पदाधिकारी, शिक्षक कर्मचारी नै जिम्मेवार हुने बेहोरा अनुरोध छ ।

विश्वविद्यालयका स्थायी, अस्थायी र करार सेवामा कार्यरत शिक्षक, कर्मचारीहरूले अनिवार्य रूपमा सम्पत्ति फाराम भरी खाम बाहिर देहायको ढाँचामा विवरण उल्लेख गरी पठाउनु पर्नेछ ।

| आ.व. २०८०/०८१ को सम्पत्ति विवरण | |
|---|---|
| क) नाम थर:- | |
| ख) पद/दर्जा:- | च) श्रेणी तह:- |
| ग) सेवा/समूह:- | छ) कार्यरत कार्यालय:- |
| घ) श्रेणी तह:- | ज) मोबाईल नम्बर:- |
| ङ) स्थायी लेखा नम्बर:- | झ) ईमेल ठेगाना:- |

पुनश्च:

१. सम्पत्ति विवरण २०८१ भाद्र २८ गतेभित्र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा दर्ता गरिसक्नु पर्ने भएकाले सम्पत्ति विवरण पेश गर्ने अन्तिम समयमा धेरै राष्ट्रसेवकबाट एकै पटक पेश हुँदा प्राविधिक कठिनाइ उत्पन्न भएमा दर्ता गर्न समस्या पर्न सक्ने हुँदा २०८१ भाद्र २० गतेभित्र सम्पत्ति विवरण यस शाखामा दर्ता गर्ने/गराउने व्यहोराको लागि सम्बन्धित सबैमा अनुरोध छ ।

महेन्द्रनगर, कञ्चनपुर, फोन नं.: ०९९-५२०७२९
Website : fwu.edu.np, Email : info@fwu.edu.np